खण्ड :१० संख्या :२ मिति : २०८३/०५/२९

# विष्णुपुर गाउँपालिका
## स्थानीय राजपत्र

खण्ड :१० संख्या :२ मिति : २०८३/०५/२९

## भाग-२
## विष्णुपुर गाउँपालिका

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ बमोजिम विष्णुपर गाउँपालिका गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०८३ सालको कार्यविधि नं. २

### निशुल्क फिड सप्लिमेन्ट (औषधि) वितरण कार्यक्रम सञ्चालन कार्यविधि, २०८३

**प्रस्तावनाः**

विष्णुपुर गाउँपालिका क्षेत्रभित्र रहेका कृषकहरूले पालन गरेका पशुपन्छीहरूको स्वास्थ्यमा सुधार ल्याउन, उत्पादकत्व (दूध तथा मासु) वृद्धि गर्न र सन्तुलित आहारको कमीबाट हुने रोगहरू न्यूनीकरण गर्न पशु सेवा शाखाको स्वीकृत वार्षिक कार्यक्रम अनुसार निशुल्क फिड सप्लिमेन्टहरू (Livertonic Liquid, Multi-vitamin Liquid, Calcium and Phosphorus, Mineral Powder Chelated) व्यवस्थित, पारदर्शी र समन्यायिक ढङ्गले वितरण गर्नका लागि यो कार्यविधि बनाइएको छ।

## परिच्छेद-१:

### प्रारम्भिक:

१. संक्षिप्त नाम र प्रारम्भ:

(क) यस कार्यविधिको नाम "निशुल्क फिड सप्लिमेन्ट वितरण कार्यक्रम सञ्चालन कार्यविधि, २०८३" रहनेछ।

(ख) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. परिभाषा:

(क) "गाउँपालिका" भन्नाले विष्णुपुर गाउँपालिका, सिरहा सम्झनु पर्छ।

(ख) "शाखा" भन्नाले गाउँपालिकाको पशु सेवा शाखा सम्झनु पर्छ।

(ग) "फिड सप्लिमेन्ट" भन्नाले पशुको स्वास्थ्य र उत्पादकत्व बढाउन दिइने Livertonic, Multi-vitamin, Calcium & Phosphorus र Mineral Powder सम्झनु पर्छ।

(घ) "कृषक" भन्नाले गाउँपालिका क्षेत्रभित्र स्थायी बसोबास गरी व्यावसायिक वा परम्परागत रूपमा पशुपन्छी पालन गर्ने कृषक, फर्म वा समूह सम्झनु पर्छ।

## परिच्छेद-२:

### वितरण गरिने औषधि (सप्लिमेन्ट) हरू र लक्षित समूह:

३. उपलब्ध गराइने फिड सप्लिमेन्टको विवरण:

पशु सेवा शाखाले यस कार्यक्रम अन्तर्गत निम्न बमोजिमका सप्लिमेन्टहरू निशुल्क वितरण गर्नेछ:

क) **Livertonic Liquid:** पशुको कलेजो बलियो बनाउन, भोक जगाउन र पाचन प्रणाली सुधार गर्न।

ख) **Multi-vitamin Liquid:** भिटामिनको कमी पूरा गर्न, रोग प्रतिरोधात्मक क्षमता बढाउन र तनाव (Stress) कम गर्न।

ग) **Calcium and Phosphorus:** दुधालु पशुमा दुधको मात्रा बढाउन, हड्डी बलियो बनाउन र मिल्क फिभर (Milk Fever) जस्ता रोगबाट बचाउन।

घ) **Mineral Powder Chelated:** रैथाने तथा उन्नत जातका पशुमा प्रजनन् क्षमता सुधार गर्न र सूक्ष्म पोषक तत्वको आपूर्ति गर्न।

४. लक्षित समूहः
(क) गाउँपालिकाभित्रका साना, सीमान्तकृत, परम्परागत तथा व्यावसायिक पशुपन्छी पालक कृषकहरू।
(ख) दुधालु गाई/भैंसी, व्यावसायिक बाख्रापालन, बङ्गुरपालन र व्यावसायिक कुखुरापालन गर्ने फर्म वा समूहहरू।
(ग) विपन्न, दलित, महिला तथा पिछडिएको वर्गका कृषकहरूलाई प्राथमिकता दिइनेछ।

## परिच्छेद-३:

## वितरण प्रक्रिया र मापदण्डः

५. माग सङ्कलन तथा आवश्यक कागजातः
औषधि प्राप्त गर्न कृषकहरूले सम्बन्धित वडा कार्यालय वा पशु सेवा शाखामा निम्न कागजातहरू सहित निवेदन दिनुपर्नेछः

क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।

ख) सम्बन्धित वडाको स्थायी बासिन्दा भएको प्रमाणित हुने कागजात (वा वडाको सिफारिस)।

ग) व्यावसायिक फर्मको हकमा फर्म दर्ता र नवीकरणको प्रमाणपत्र।

घ) पशु सेवा शाखा वा सेवा केन्द्रका प्राविधिकले पशु स्वास्थ्य जाँच गरी सिफारिस गरेको पुर्जी।

६.वितरणको मापदण्ड र परिमाण निर्धारणः
(क) पशुको सङ्ख्या र प्राविधिक आवश्यकताका आधारमा मात्र सप्लिमेन्ट वितरण गरिनेछ।
(ख) एक कृषक/फर्मले एक पटकमा प्राविधिकले तोकेको निश्चित डोज (मात्रा) भन्दा बढी औषधि पाउने छैन।
(ग) साना कृषकलाई प्रत्यक्ष रूपमा पशु सेवा शाखा वा वडा स्तरमा सञ्चालन हुने शिविरमार्फत वितरण गर्नसकिनेछ।
(घ) व्यावसायिक फर्म वा सहकारीको हकमा माग र आवश्यकताको मूल्याङ्कन गरी पशु सेवा शाखा प्रमुखको निर्णय बमोजिम परिमाण तोकिनेछ।
ङ) औषधी वितरणको परिमाण निर्धारण सम्वन्धित कार्यपालिकाले तोकेको निर्णय बमोजिम हुनेछ ।

७. वितरण स्थलः
(क) विष्णुपुर गाउँपालिकाको पशु सेवा शाखाको कार्यालय।
(ख) गाउँपालिकाद्वारा विभिन्न वडाहरूमा आयोजना गरिने निशुल्क पशु स्वास्थ्य तथा बाझोपन निवारण शिविरहरू।

## परिच्छेद-४:

## अनुगमन, प्रतिवेदन तथा अभिलेख व्यवस्थापनः

८. अभिलेख व्यवस्थापनः
(क) पशु सेवा शाखाले औषधि प्राप्त गर्ने कृषकको नाम, ठेगाना, सम्पर्क नम्बर, पशुको विवरण र प्राप्त गरेको औषधिको परिमाण स्पष्ट खुल्ने गरी **वितरण रजिष्टर (भरपाई)** अनिवार्य रूपमा राख्नुपर्नेछ।
(ख) औषधि बुझ्ने कृषक वा फर्मका प्रतिनिधिको हस्ताक्षर वा औंठा छाप अनिवार्य गराउनुपर्नेछ।

९. अनुगमन तथा निरीक्षणः
(क) वितरित फिड सप्लिमेन्टहरूको सही सदुपयोग भए/नभएको बारे गाउँपालिकाको अनुगमन समिति र पशु सेवा शाखाले आकस्मिक वा नियमित अनुगमन गर्न सक्नेछ।
(ख) यदि कसैले निशुल्क प्राप्त गरेको औषधि बिक्री वितरण गरेको वा दुरुपयोग गरेको पाइएमा आगामी दिनमा गाउँपालिकाबाट पाउने सेवा सुविधाबाट वञ्चित गरिनेछ।

१०. प्रतिवेदनः
पशु सेवा शाखाले कार्यक्रम सम्पन्न भएपछि वितरण भएको कुल औषधिको विवरण, लाभान्वित कृषक सङ्ख्या र कार्यक्रमको प्रभावकारिता खुल्ने गरी गाउँ कार्यपालिका समक्ष वार्षिक/अर्धवार्षिक प्रतिवेदन पेश गर्नुपर्नेछ।

## परिच्छेद-५ :

### विविधः

११. बाधा अड्काउ फुकाउनेः
यस कार्यविधिमा नसमेटिएका प्राविधिक वा व्यावहारिक कठिनाइहरू आइपरेमा प्रचलित कानूनको अधीनमा रही गाउँ कार्यपालिकाको निर्णय बमोजिम बाधा अड्काउ फुकाउन सकिनेछ।

आज्ञाले,
सत्यदेव लोहार
(प्रमुख प्रशासकीय अधिकृत)

मितिः २०८३ भदौ २९ गते